# आर्थिक वर्ष २०७८/७९ को

# नीति तथा कार्यक्रम

मष्टा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

सुदूरपश्चिम प्रदेश

मष्टा गाउँपालिकाको आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम

गाउँसभाका अध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू लगायत अन्य अतिथि ज्यूहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरु लगायत यस गरिमाया सभामा उपस्थित सम्पूर्ण मानुभावहरु,

नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको सरकार सञ्चालन गरेको व्यवस्था र अधिकारको प्रयोग गरी यस मष्टा गाउँपालिकामा स्थानीय सरकार सञ्चालन र कार्यान्वयनको अभ्यास गरी रहेको कुरा यहाँ अवगत नै छ ।

भौगोलिक कठिनाई एवं सामाजिक तथा आर्थिक रुपले पछाडी परेको यस मष्टा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि र विभिन्न कालखण्डमा देशको निम्ति जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । जनआन्दोलन एवं अन्य आन्दोलनहरुमा घाइते एवं वेपत्ता पारिएका नागरिकहरुको उच्च सम्मान गर्दै देशको राजनीतिक, आर्थिक, सामाजिक जस्ता पक्षहरुको परिवर्तनका लागि युगान्तकारी नेतृत्व निर्वाह गर्ने व्यक्तित्वहरु प्रति उच्च सम्मान गर्दछु ।

सम्पूर्ण विश्व नै कोभिड **(COVID-19)** महामारीबाट ग्रसित भईरहेको अवस्थामा ज्यान गुमाएका व्यक्तिहरु प्रति हार्द्धिक श्रद्धाञ्जाली र कोभिड महामारीबाट ग्रसित भई अस्पतालमा उपचार गराइरहेका, आइसोलेशन तथा क्वारेन्टाइनमा बसिरहेका संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्य

लाभको कामना गर्दछु । साथै कोभिड महामारीबाट बच्न स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्डहरु पालना गरी आफु बच्न र अरुलाई पनि बचाउन अनुरोध गर्दछु ।

## चुनौति र अवसरहरु

मष्टा गाउँपालिका भौगोलिक रुपले पिछाडिएको र विकट क्षेत्रको रुपमा रहेकोले विकासका पूर्वाधारहरुको पूर्ण रुपमा व्यवस्थापन गर्न नसक्नु मुख्य चुनौतिको रुपमा रहेको छ । कोभिड १९ का कारणले अर्थतन्त्र प्रभावित हुँदा विकास निर्माणका कार्यमा प्रतिकुल प्रभाव पर्नु, स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानून निर्माण प्रक्रिया जारी रहनु, गाउँपालिकाको भौतिक संरचना निर्माण भई नसक्नु, स्थानीय श्रोत साधानको पहिचान र परिचालन व्यवस्थित तरिकाले गरी नसक्नु, आवश्यताको पहिचान भई श्रोतको न्यायचित वितरण नहुनु, सामाजमा विद्यामान रुडीवादी परम्परा विकृति विसंगती र संस्कार पूर्ण रुपमा विस्थापित हुन नसक्नु एवं परम्परागत संस्कृति रीतिरिवाज चालचलनको रुपान्तरण र सामाजीकिकरण हुन नसक्नु, कृषि क्षेत्रको आधुनिकरण हुन नसक्नु, कृषकले उत्पादित कृषि तथा पशुजन्य पदार्थहरुलाई व्यवस्थित रुपमा भण्डार र बजारीकरण हुन नसक्नु, विद्युतीय प्रणालीबाट सेवा प्रवाह गर्न प्रविधिको पहुँच नहुनु पनि यस गाउँपालिकाका चुनौतिहरु रहेका छन् ।

यस गाउँपालिकाका प्राय सबै वस्तीहरुमा सडकका लागि ट्र्याक खोलिएको, प्राकृतिक श्रोत साधन र जडीबुटीको प्रचुर सम्भावना रहेको, धार्मिक तथा प्राकृतिक स्थालहरु भएका कारण आन्तरिक तथा वाह्य प्रर्यटन प्रवर्द्धन हुने सम्भावना रहेको, गाउँपालिका अन्तर्गतका सम्पूर्ण जनताहरुमा स्वास्थ्य, पोषण र शिक्षाको पहुँच पुगेको, समिति श्रोत साधनका आधारमा अधिकत्तम विकासका गतिविधिहरु केही हदसम्म सञ्चालन हुनु र गाउँपालिकामा संरचनागत तथा जनशक्ति व्यवस्थापन सन्तोषजनक रहनु अवसरको रुपमा लिन सकिन्छ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रयको समिक्षा गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७७।७८ मा करको दर र दायरालाई फराकिलो बनाएको साथै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गर्ने व्यवस्थाको प्रारम्भिक चरणमा प्रवेश गरिएको छ ।स्थानीय बाली, तरकारी तथा फलफुलको उत्पादन गर्न कृषकलाई विभिन्न कार्यक्रम सञ्चालन गरी अभिप्रेरित गर्नका

साथै पशुहरुको कृतिम गर्भाधान कार्यहरुको सुरुवात गरिएको छ ।उत्पादत्त्व आधारमा पकेट क्षेत्रहरुको घोषण गरी कार्यक्रम लागु गरिएको, बेरोजगार युवाहरु र लक्षित वर्गलाई सम्वोधन हुने गरी नयाँ उद्यामीको सृजना साथै व्यवसायिकतिर उन्मुख गराइएको, लक्षित वर्गलाई शिक्षामा पहुँच सुनिश्चित गर्न अध्यक्ष छात्रवृत्ति कोषको स्थापना, शैक्षिक गुणस्तर कायम गर्न विद्यालयको समायोजन तथा एकीकरण एवं प्रारम्भिक वालविकास केन्द्रको स्थापना गरेको, कोभिड १९ को प्रभावलाई कम गर्न क्वारेन्टाइन/आइसोलेशनको व्यवस्था, स्वास्थ्य सामाग्री वितरण तथा विभिन्न जनचेतना मुलक कार्यक्रम सञ्चालन, स्वास्थ्य, पोषण र सरसफाईमा जनताको पहुँच अभिवृद्धि गर्न स्वास्थ्य सेवाको गुणस्तरमा अभिवृद्धि, सुत्केरी आमासँग उपाध्यक्ष कोशेली कार्यक्रम तथा दीर्घ रोगी, अपाङ्ग र वृद्ध वृद्धा सँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिएको, पूर्ण खोप युक्त गाउँपालिका घोषण गरिएको छ । यसका साथै महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको उचित सम्मान र संरक्षण गर्न लक्षित कार्यक्रमहरु सञ्चालन गरिएको, शारिरीक तथा मानसिक अपाङ्गहरुलाई सेवा प्रवाहमा सहजता गरिएको, सरसफाई प्रति ध्यान दिन एक घर एक धारा, च्याङ्ग जुठ्यानको निर्माण सरसफाई सहजकर्तालाई ७ वटै वडाहरुमा परिचालन गरी पूर्ण सरसफाई गाउँपालिका बनाउन जोड दिएको छ।

छुवाछुत, जातीय विभेद, सबै प्रकारका हिंसा न्यूनिकरण गर्न कानुनी उपचार गरिनुका साथै जनचेतना अभियान सञ्चालन गरिएको छ । गाउँपालिकामा रहेका विभिन्न शाखा सडकहरुको स्तररोन्नति गर्न जे.सि.बी. खरिद गरी सञ्चालनमा ल्याएको छ । ७ वटै वडा कार्यालय भवनको निर्माणको योजना अनुसार वडा नं. २ र ३ को वडा कार्यालय भवन निर्माण तथा हस्तान्तरण भईसकेको र अन्य वडा कार्यालय भवन निर्माणको क्रममा रहेका छन् । विभिन्न जोखिम युक्त वस्ती तथा ठाउँहरुको पहिचान गरी जोखिम न्यूनिकरण गर्नका लागि आवश्यक सहयोग गर्न सम्बन्धित निकायामा जानकारी र अनुरोध गराएको छ । सुशासन तथा संस्थागत व्यवस्थालाई प्रभावकारी बनाउन कर्मचारीहरुको नियमित मासिक बैठक सञ्चालन, प्रतिवेदन प्रस्तुतिकरण र आचारसंहिताको पालनामा जोड दिइएको छ । यसका साथै सेवा ग्राहीको गुनासो सुनुवाई गर्न सुझाव पेटीका र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । गाउँपालिकामा सञ्चालन हुने कार्यक्रम/आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदनका आधारमा पृष्ठपोषण दिने गरिएको छ ।

आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम सञ्चालन गर्न रु.  करोड रहेकोमा संघ र प्रदेशबाट प्राप्त समपुरक अनुदान र विशेष अनुदान सहित कुल बजेट रु. .................... रहेको छ । कुल बजेट सशर्त अनुदान, सामाजिक सुरक्षा भत्ता र संघ संस्थाको समावेश भएको बजेट तोकिएको क्षेत्रमा खर्च भएको छ र संघ र प्रदेशबाट समपुरक र विशेष अनुदानको रकम कार्यान्वयनको क्रममा छ भने चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म चालु तर्फ रु. खर्च भई ................ प्रतिशत प्रगति भएको छ र पुँजीगत तर्फ प्राप्त वित्तिय समानिकरण रकममध्ये रु . ...............खर्च भई.......... प्रतिशत प्रगति भएको छ । आर्थिक वर्षको एघार महिनामा कुल चालु र पुँजीगत गरी रु............ खर्च भई .................. प्रतिशत प्रगति भएको छ । त्यसै गरी आन्तरिक आय तर्फ रु . १२ लाख अनुमान गरिएकोमा चालु आ.व. जेष्ठ मसान्त सम्म रु. आन्तरिक आय भएको छ ।

अध्यक्ष महोदय,

अब म **मष्टा गाउँपालिकाको प्रण, दिगो विकास र सामाजिक रुपान्तरण** भन्ने मुल नाराका साथ आ.व. को २०७८।०७९ लक्ष्य, उद्धेश्य र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**लक्ष्यः**

यस गाउँपालिकालाई भौतिक पूर्वाधार विकास सहित आर्थिक, सामाजिक विकास गरी **समृद्ध गाउँपालिका र सुखी गाउँवासी** बनाउने लक्ष्य लिएको छ ।

**आ.व. २०७८।०७९ को बजेटको उद्धेश्यहरु**

- गाउँपालिका भित्रका सबै वस्तीहरुलाई सडक सञ्जाल जोडी विकास निर्माणका अन्य कार्यहरुमा अभिवृद्धि गर्ने,
- गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई गुणस्तरिय शिक्षामा पहुँच पुर्याउनु,
- गुणस्तर स्वास्थ्य सेवा सबै नागरिकसम्म पुर्याई पोषण र सरसफाईप्रति नागरिकलाई सजक बनाउनु,
- पालिकालाई पशुजन्य पदार्थको उत्पादन र बजारीकरणमा जोड दिई आत्मनिर्भर बनाउनु,
- सामाजमा विद्यमान कुरिती कुःसंस्कार र प्रथाहरुको निराकरण गरी समानता समाजको निर्माण गर्नु,
- कृषिमा आधुनिकीकरण र व्यवसायिकरण गरी कृषकलाई आत्मनिर्भर बनाउनु,

- बेरोजगार र लक्षित वर्गहरुलाई व्यवसायिक सीपको पहुँच बढाउनु,
- सार्वजनिक सेवा प्रवाहलाई मितव्यायिता, पारदार्शिता बनाई सुशासनको प्रत्याभुति दिनु,

**आ.व. २०७८।०७९ को बजेटको प्रथामिकरण**

क) सडक तथा यातायात

ख) शिक्षा, स्वास्थ्य तथा सरसफाइ

ग) कृषि तथा पशुसेवा क्षेत्रको विकास र विस्तार

घ) वन, वतावरण तथा विपद व्यवस्थापन

ङ) प्रभावकारी सार्वजनिक सेवा प्रवाह र सुशासनमा जोड

**बजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति र आधारहरु**

- नेपालको संविधान
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- उपलब्ध श्रोत तथा साधानहरु
- जनताका माग तथा आवश्यकताहरु

**गाउँपालिकाको विकासका लागि दीर्धकालिन नीतिहरु (आ.व. २०७८।७९)**

- गाउँपालिकामा दिगो विकासको आवधारणालाई अनुशरण गरी विकासका पूर्वाधारको सुधार तथा स्तरउन्नति,
- गरिवी न्यूनिकरण गरी आर्थिक क्षेत्रमा आत्मनिर्भर हुन कृषि तथा पशुपालन व्यवसायमा जोड दिने,
- शिक्षा, स्वास्थ्य, रोजगारी, पोषण र सरसफाईमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
- पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न पर्यटकीय क्षेत्र धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण, विकास र पहिचान गर्ने,

क्षेत्रगत नीतिहरु

## १. आर्थिक विकास

### कृषि

**"बाँझो नराखौ जग्गा, भोकमरी हट्छ पक्का"** भन्ने मुल नाराका साथ आ.व. २०७८/७९ को कृषि तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

१.१ कृषि पेशालाई सम्मानित र मर्यादित गर्दै कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जीवनस्तरमा सुधार गरिनेछ ।

१.२ भौगोलिक हावापानी अनुकुल हुने कृषि प्रणालीको आधारमा **एक वडा एक नमूना कृषि उत्पादन** पकेट क्षेत्र र फलफुल तथा नर्सरीलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

१.३ कृषि वस्तुको उत्पादन, बजारीकरण तथा आधुनिकरणलाई मध्यनजर गर्दै सहकारी, समूह मार्फत कृषकहरुलाई **मूल वीउ बाट उन्नत वीउ उत्पादन** कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१.४ कृषि जैविक विविधता संरक्षणका लागि लोपउन्मुख कृषि वालीको विस्तार तथा संरक्षण गर्दै कृषि यन्त्र खरिदको लागि अनुदानको व्यवस्था गरिनेछ ।

१.५ कृषि सेवा थप प्रभावकारी बनाउनका लागि **एक वडा एक कृषि प्राविधिक** को व्यवस्था गरिनेछ ।

### पशुपंछीपालन

१.६ व्यवसायिक पशुपंछीपालन, पशु नश्ल सुधार, समुहगत पशुपंछीपालन र व्यवसायिक पशुपंछी फार्मको विस्तार गरी गाउँपालिकालाई दुध, फुल र मासुमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने कार्यमा बढावा दिइनेछ ।

१.७ पशुपंछीका संक्रामक रोगहरुको न्युनिकरण गरी कृषकहरुको उत्पादन लागत घटाउन तथा आम्दानी बढाउन OVOT सेवालाई समेत समावेश गरी ७ वटै वडाहरुमा पशु स्वास्थ्य

सम्पर्क केन्द्रको स्थापना गरिनेछ । सोको लागि प्रर्याप्त औषधि र खोप खरिदमा आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

१.८ वैधानिक रुपमा व्यवसाय दर्ता गरी स्थायी लेखा नम्बर PAN लिएका उद्यमीहरुका लागि सहकार्यमा पशुपंछीको गोठ खोर सुधार, मासु पसल सुधार, डेरी पसल सुधार तथा व्यवसायिक पशुपालनका लागि अनुदान परिचालन गरी बेरोजगार युवाहरुलाई रोजगारीको श्रृजना गरिनेछ ।

१.९ सबै भौगिलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी एक वडा एक पशुपंछीजन्य पदार्थको उत्पादन, भण्डार, प्रशोधन  गरी बजारीकरण गरिनेछ ।

१.१० कृतिम गर्भाधानबाट जन्मिएका पाठापाठी, वाच्छा बाच्छीहरुको स्याहार, सुसार तथा पोषणको लागि सुत्केरी भत्ता व्यवस्था गरी पशुपंछीको जोखिम न्यूनिकरणका लागि बीमा कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

१.११ भु-क्षय नियन्त्रण तथा पशु आहारलाई टेवा पुर्याउने उद्देश्यले खाली रहेको बाँझो जमीन र विस्तार भएको सडक छेउछाउमा विभिन्न बहुवर्षिय घाँस खेतीको विकास गरिनेछ।

१.१२ सफल पशुपंछी पालक कृषक/व्यवसायि/उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

१.१३ वेला वखतमा डक्टरको विशेषज्ञ सेवा सहितको पशु स्वास्थ्य शिविरहरु आवश्यक स्थानमा सञ्चालन गरिनेछ ।

१.१४ आर्थिक रुपले पछाडी परेका विपन्न वर्ग, दलित, एकल, सीमान्कृत तथा कोरोना प्रभावित वर्गको लागि आयमूलक पशुपंछीपालन कार्यक्रम सञ्चालन गरिनेछ ।

१.१५ स्थापित बाख्रा पकेटलाई निरन्तरता तथा नयाँ पकेटको विकास गरिनेछ ।

## सहकारी तथा वित्तीय क्षेत्र

१.१५ समुदायमा अवैधानिक रुपमा रहेका सामुदायिक संस्था तथा बचत समूहलाई संस्थागत गर्दै एक गाउँ एक सहकारी को अवधारणामा आवद्ध गर्दै रुपान्तरण गरिनेछ ।

१.१६ गाउँपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाको क्षमता अभिबृद्धि गर्दै सहकारी मार्फत रोजगारी सिर्जना गर्न जोड दिइनेछ ।

१.१७ गाउँपालिकाको सम्पूर्ण आर्थिक क्रियाकलापहरु संञ्चालन गर्न नजिकको वित्तिय क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ।

## उद्योग तथा वाणिज्य

१.१८ "**सीप सिकौं, उद्यमी बनौं**" भन्ने नारालाई अनुशरण गरी बेरोजगार युवा तथा लक्षित वर्गहरुलाई स्थानीय स्तरको र प्राविधिक सीप मुलक तालिमको व्यवस्था गरिनेछ ।

१.१९ गाउँपालिका भित्रका २० (बीस) जनालाई नयाँ उद्यमी सिजृना गरिनुका साथै ३० (तीन) जना लघु उद्यमीहरुको स्तररोन्नती गरिनेछ ।

१.२० कोरोना तथा अन्य विपदबाट प्रभावित यस गाउँपालिका भित्र सञ्चालनमा रहेका स्थानीय कच्चा पदार्थहरुलाई लघु उद्ममहरुमा समावेश गरी सञ्चालनमा ल्याइनेछ ।

## धार्मिक तथा पर्यटन

१.२१ गाउँपालिका भित्र रहेका सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय स्थलहरुको संरक्षण, समर्वद्धन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

## रोजगार सेवा

१.२२ विश्व महामारिका रुपमा फैलिएको कोभिड-१९ बाट प्रभावित भई वैदेशिक रोजगारी बाट रोजगारी गुमाई स्वदेश फर्किएका सूचिकृत वेरोजगार व्यक्तिहरुलाई विशेष ग्रहायताका साथ रोजगार सेवा केन्द्र मार्फत न्युनतम रोजगारमा संलग्न गराइनेछ ।

१.२३ रोजगार सेवा केन्द्रमा सूचिकृत भएका शैक्षिक वेरोजगार व्यक्तिहरुलाई सीपमुलक तालिममा संलग्न गराई क्षमता विकासमा अभिवृद्धि गरिनेछ ।

१.२४ अशिक्षित सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न ७ वडाहरुमा आवश्यक बजेटको पहल गरिनेछ ।

## विविध

**"आँगन सरसफाई गरौं, हेरौं करेसाबारी स्वस्थ खाना हरेक दिन हरियो तरकारी"** भन्ने मुल नाराका साथ आ.व. २०७८/७९ को बहुक्षेत्रिय पोषण योजनाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

१.२५ गाउँपालिकामा महिला, किशोरी र बालबालिकालाई हुने कुपोषणमा सुधार ल्याउनको स्थानीय स्तरमा हुने खाद्यान्न बालीको प्रयोग गरी लिटो, जाउँलो बनाउने तरिका सिकाइनेछ।

१.२६ पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्वन गर्दै पोषणमैत्री वडा घोषणा र बाल पोषण अनुदान खोप कार्यक्रमलाई समावेश गर्ने कार्यक्रमको अभियान सञ्चालन गरिनेछ ।

१.२७ गाउँपालिकाको पोषण सम्बन्धी तथ्याङ्कका सुचना अद्यावधिक गर्दै पाश्वचित्र तयार गरिनेछ ।

# २. सामाजिक विकास

## शिक्षा

**"सक्षम शिक्षक, शिक्षण सिकाईमा गुणस्तर । प्रविधिमैत्री शिक्षा, व्यवस्थापनमा सुदृढीकरण"** भन्ने मुल नाराका साथ आ.व. २०७८/७९ को शिक्षा नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

२.१ एक विद्यालय, एक बालविकास केन्द्रको अवधारणा अनुरुप यस आ.व. मा सम्भाव्यता र जनसंख्याको आधारमा तीन वटा विद्यालयहरुमा बालविकास केन्द्रको स्थापना गरिनेछ ।

२.२ आर्थिक रुपले विपन्न, सिमान्तकृत समुदाय, दलित, अपाङ्ग, महिलाहरुको शिक्षामा पहुँच बढाउन **अध्यक्ष छात्रवृत्ति कोष** लाई निरन्तरता दिइनेछ ।

२.३ शिक्षालाई स्थानीयकरण, गुणस्तरीय र प्रविधिमैत्री बनाउनका साथै प्रतिकुल परिस्थितिमा पनि शिक्षण सिकाईलाई निरन्तरता दिन सिकाइका वैकल्पिक उपायहरु अवलम्वन गरिनेछ।

२.४ विद्यालयमा न्युनतम शैक्षिक सामग्रीको व्यवस्था, पाठ्यक्रमको प्रवोद्धिकरण र कार्यान्वयन तथा शिक्षक कर्मचारीलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ ।

२.५  शिक्षकको पहिचान, उत्प्रेरणा तथा कामप्रति जिम्मेवारी वोध गराउन शिक्षक परिचय पत्र र कार्य पुस्तिकाको प्रयोग अनिवार्य गरिनेछ ।न्युन तलवमा कामगर्ने शिक्षक कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२.६ शिक्षकहरुलाई शिक्षण सिकाईमा नविनता ल्याउन तथा अनुभवको आदनप्रदान अन्तर विद्यालय अवलोकन भ्रमण तथा नमूना पाठ प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।

२.७ शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको साझेदारीमा सञ्चालन गरिनेछ ।

२.८ विद्यालयको भौतिक व्यवस्थापनमा सुधार ल्याउनुका साथै प्रविधिधार सञ्चालित माध्यमिक विद्यालयमा ल्याव व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ । परीक्षा तथा मूल्याङ्कन प्रणालीमा एकरुपता कायम गरिनेछ ।

२.९ विद्यालयको नियमित अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा स्रोत साधन तथा अनुदानको उपलब्धता गराइनेछ ।

२.१० खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थी तथा युवाहरुको प्रतिभा पहिचान र छनौट गरिनेछ ।

२.११ कार्यसम्पादनका आधारमा उत्कृष्ट ५ जना शिक्षक छनौट गरी पुरस्कृत तथा सम्मानको व्यवस्था गरिनेछ ।

२.१२ १० (दश) वर्षे शिक्षा योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

२.१३ विद्यार्थीहरुमा सामाजिक चेतना दिन तथा सामाजिक विकृति विरुद्ध जनचेतना अभियान सञ्चालन गर्न तथा आत्म सुरक्षाको ज्ञान दिन **समुदाय-प्रहरी साझेदारीतामा आधारित प्रहरी - विद्यालय/समुदाय कार्यक्रम** सञ्चालन गरिनेछ ।

## आधारभूत स्वास्थ्य, पोषण तथा सरसफाई

२.१४ कोभिड -१९ तथा अन्य महामारी तथा विपद् व्यवस्थापनका लागि आकस्मिक प्रकोप कोषमा आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

२.१५ ११ वटै स्वास्थ्य संस्थाहरुमा औषधि अभाव नहुने गरी औषधि खरीदका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२.१६ २ वर्ष मुनीका कुनै पनि बालबालिका खोपबाट वाञ्चित हुन नदिन पूर्ण खोप दिगोपनाका लागि खोप केन्द्रको व्यवस्था गरिनेछ ।

२.१७ सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरी पूर्ण गर्भजाँच तथा पूर्ण संस्थागत सुत्केरी कार्यक्रलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

२.१८ सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चानर गर्न सुनौला हजार दिनका आमाहरुलाई उपाध्यक्ष कोसेली कार्यक्रमलाई निरन्तरता दिँदै गर्भवती भेला तथा सम्मान, गर्भवती क्यालेन्डर, हलो स्टिर  जस्ता कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२.१९ स्वास्थ्य सेवामा सबैको पहुँच पुर्याउन अध्यक्षसँग जेष्ठ नागरिक, अपाङ्ग तथा दीर्घ रोगी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२.२० भाडीकोट आधारभूत स्वास्थ्य केन्द्रमा बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याइने छ । साथै सबै वर्थिङ्ग सेन्टरको थप व्यवस्थापन गरिनेछ ।

२.२१ परिवार नियोजन सेवाको प्रभावकारी कार्यान्वयन गरी ७ वटै वडामा छिटो तथा लामो अवधिमा काम गर्ने परिवार नियोजन साधन सेवा दैनिक उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

२.२२ महिला स्वास्थ्य स्वयंम सेविकालाई प्रोत्साहान गरी बाल स्वास्थ्य तथा मातृ सुरक्षा कार्यक्रम विशेष सहयोग लिने वातावरण सृजना गरिनेछ ।

२.२३ गर्भवतीहरुलाई वडा स्तरमा प्रत्येक महिना निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिनेछ ।

२.२४ दुई वर्ष मुनीका बालबालिकाहरुको मासिक वृद्धि अनुगमन गर्ने दर बढाउन प्रोत्साहान तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२५ सम्पूर्ण स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा सञ्चालनमा ल्याइने छ ।

२.२६ विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्न ७ वटै वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२.२७ आयुर्वेद स्वास्थ्य सेवालाई प्राथमिकता दिँदै गाउँपालिकामा सञ्चालन रहेको नागरिक आरोग्य सेवा केन्द्र (आयुर्वेद अस्पताल) लाई व्यवस्थापन गर्दै अन्य वडामा सेवा विस्तार गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

२.२७ "**लैङ्गिक हिंसाको अन्त्य गरौं, समतामुलक पालिका निर्माण गरौं**" भन्ने मुलनारा साथ सामाजमा हुने कुःप्रथा, कुरिती, कुःसंस्कार जस्ता विकृति, विसङ्गगति अन्त्य गर्नका लागि जनचेतनामूलक कार्यक्रम मार्फत समानतामूलक समाजको निर्माण गरिनेछ ।

२.२३ महिला, बालबालिका, दलित, अपाङ्गता, जेष्ठ नागरिक र अल्पसंख्यक लक्षित विभिन्न सीपमूलक, आयआर्जन कार्यक्रम मार्फत जीवनस्तर सुधार गरिनेछ ।

२.२४ गाउँपालिकालाई जातीय छुवाछुत मुक्त घोषणा गरिनेछ ।

२.२५ जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२६ युवासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२६ गरिवसँग वडा अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३. भौतिक पूर्वाधार

**"भौतिक पूर्वाधार विकासको आधार"** भन्ने मुल नाराका साथ आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

३.१ संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने साना र ठूला आयोजनाहरु प्रोजेक्ट बैंक (Project Bank) को स्थापना गरी उक्त Project Bank मार्फत आयोजनाहरु छनौट गर्ने व्यवस्था गरिनेछ ।

३.२ गाउँपालिका भित्र रहेका विभिन्न शाखा सडकहरुलाई स्तररोन्नती गरिनुका साथै बायो ईन्जिनियरिङ्ग प्रविधि जोड दिइनेछ ।

३.३ गाउँपालिका भित्र रहेका विभिन्न खेती योग्य जमीनमा अनुसन्धान र विकास गरी वस्तीस्तरमा सिचाई सुविधाको पुर्याउन **एक टोल एक पलास्टिक पोखरी** कार्यक्रम सञ्चालन गरिनेछ ।

३.४ छिमेकी पालिका तथा जिल्ला जोड्न सडक निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

३.५ ऐतिहासिक धार्मिक तथा पर्यटन क्षेत्रको विकास गर्नुका साथै सदरमुकाम देखि गाउँपालिकाको केन्द्रसम्म पक्की सडक विस्तार गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

३.६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित प्रावधान बमोजिम गाउँपालिका क्षेत्र भित्र निर्माण गरिने नयाँ भवन तथा संरचना नक्सा पासको अवधारणा ल्याइने छ ।

३.७ औधोगिक ग्राम र खेलमैदानको जग्गा व्यवस्थापन गरी आवश्यक बजेटको पहल गरिनेछ ।

३.८ वडा नं २ र वडा नं ३ को वडा कार्यालय भवन निर्माण कार्य समयमा सम्पन्न गरी अन्य वडा कार्यालयको भवन निर्माणका लागि जग्गाको पहल गरिनेछ ।

३.९ आ.व. २०७७/७८ का विभिन्न ग्रामिण शाखा सडकहरुको भौतिक पूर्वाधार विकास निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन DPR लाई निरन्तरता दिइनेछ ।

३.१० सदरमुकाम जोड्ने सेती नदीमा पक्की पुल, गाउँपालिका भित्र रहेका स-साना खोलाहरुमा झुलेङ्गे र पक्की पुल निर्माणका लागि संघ प्रदेश संघसंस्थाहरुसँग साझेदारी लागि आवश्यक पहल गरिनेछ ।

३.११ डुङ्ग्री भुस्या सडक र लाछीगाड भतेली सडक खण्ड छिमेकी जिल्ला जोड्न संघ र प्रदेश सरकारसँग आवश्यक बजेटको पहल गरिनेछ ।

## खानेपानी तथा सरसफाई

३.१० नेपालको संविधानमा व्यवस्था भए बमोजिम समुदायलाई आधारभुत तहको पिउने पानीको व्यवस्थापन गर्न "**एक घर एक धारा**" को अवधारणा बमोजिम यस गाउँपालिका भित्र **एक घर एक स्वच्छ खानेपानी** धारा पुर्याउने नितीलाई निरन्तरता दिइनेछ ।

३.११ यस गाउँपालिका भित्र निर्माण सम्पन्न भई सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगोपनाका लागि प्रत्येक खानेपानी योजनाहरुमा मर्मत सम्भार कार्यविधि र पानी सुरक्षा कार्यविधि तयार गरी कार्यान्वयनमा जोड दिइनेछ ।

३.१२ "**एक घर एक हातधुने स्टेशन**" निर्माण अभियानलाई निरन्तरता दिइनेछ ।

३.१३ पूर्ण सरसफाई युक्त मष्टा गाउँपालिका बनाउन. आवश्यक बजेटको व्यवस्थापन गर्दै सरसफाई सहजकर्ता परिचालन, विभिन्न समिति गठन तथा परिचालन र सरोकारवालाहरुसँग समन्वय गर्दै पूर्ण सरसफाईका कार्यक्रमलाई अभियानको रुपमा निरन्तरता दिइनेछ ।

३.१४ समुदायमा विगत देखि छुवाछुतको रुपमा जडा गाड्दै आएको छाउपडी प्रथालाई उन्मुलन गर्न क्षमता अभिवृद्धि गर्दै महिनावारी सरसफाई स्वच्छता व्यवस्थापनका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

३.१५ विद्यालयमा सरसफाई स्वच्छता वातावरण सुधार कार्यक्रम सञ्चालन गरि ३ तारा पद्धति अनुसार नमुना विद्यालय महिनावरी स्वच्छताका लागी नि:शुल्क स्यानेटरी प्याड व्यवस्था गरिनेछ ।

## उर्जा, लघु तथा साना जलविद्युत

३.१६ गाउँपालिका भित्र विद्यमान सञ्चालनमा रहेका लघु जलविद्युत योजनालाई संरक्षण गर्दै उज्यालो मष्टा निर्माणका लागी सबै टोल बस्ती र वडामा तत्काल राष्ट्रिय प्रसारण लाईन विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

३.१७ गाउँपालिका अन्तर्गतका सबैं टोल तथा बस्तीहरुमा सुधारिएको चुलो तथा इन्डेक्स चुलो निर्माण गर्ने अभियानलाई निरन्तरता दि ँदै यस आर्थिक बर्षमा ७ वटा वस्तिलाई **धुँवारहित टोल** घोषणा गरिनेछ ।

३.१८ विद्युतिय माध्यमद्धारा सीप विकास कार्यक्रम सञ्चालन गर्न अनुदान प्रदान गरिनेछ ।

३.१९ आधुनिक घट्ट, पोल्टीफर्म, कुटानी पिसानी मिल निर्माणको लागी स ंघीय सरकार, प्रदेश सरकार, वैकल्पिक उर्जा प्रबद्धन केन्द ्र र अन्य संघसंस्थासँग सहकार्य र साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने नित ीलाई निरन्तरता दिईनेछ ।

## ४. वन, वातावरण र विपद व्यवस्थापन

४.१ विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४.२ वन तथा वातावरण अन्तर्गत जलवायु परिवर्तनको नीतिलाई मध्यनजर गर्दै आवश्यक रणनीतिको कदम चालिनेछ ।

४.३ जीवजन्तुको चोरी सिकारी र वन डडेलोलाई नियन्त्रण गर्नुका साथै वन पैदावार, जडीबुटीलाई करको दयारा भित्र ल्याउन आवश्यक पहल गरिनेछ ।

४.४ गाउँपालिका भित्र रहेका ऐतिहासिक तथा धार्मिक स्थल, पर्यटकिय स्थललाई संरक्षण र सर्वद्धनमा जोड दिइनेछ ।

४.५ गाउँपालिका भित्रको प्राकृतिक तथा दैवी प्रकोप जोखिम न्यूनिकरण व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४.६ गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुको संरक्षण, सम्वर्द्धनका लागि आवश्यक कार्यविधि बनाइ कार्यक्रम गरिनेछ ।

४.७ महामारी तथा विपदमा स्वयंमसेवक परिचालन तथा व्यवस्थापन गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

५.१ गाउँपालिका र अन्तर्गतका सम्पूर्ण सरकारी कार्यालयहरुको संगठनिक संरचना तथा व्यवस्थापकीय पक्षलमा सुधार गरी नमूना गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।

५.२ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह र हरेक क्रियाकलापलाई थप प्रभावकारिताका लागि प्रविधिको प्रयोग गरिनेछ ।

५.३ सार्वजनिक चासोका विषयहरुमा आम नागरिकको पहुँच अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सुझाव पेटीकाको व्यवस्था तथा गुनासो उजुरीलाई छिटो सम्बोधन हुने अवस्थाको सृजना गरिनेछ ।

५.४ डिजिटल मष्टा गाउपालिकाको अभियानलाई साकार तुल्याउन यस गाउँपालिकाको कार्यालयमा ईन्टरनेटको स्तरउन्नति तथा प्रत्येक वडा कार्यालयहरुमा इन्टरनेट सेवा जडान गरिने छ र यसको दिगोपनालाई बिशेष ध्यान दिइनेछ ।

५.५ विकास एबम् सार्वजनिक सेवा प्रवाह सम्बन्धि चुनौति सामना गर्न सुचना तथा प्रविधिमा आधारित नविनतम तथा मौलिक प्रयोग (innovation use) प्रवर्द्धन गर्न बिशेष कार्यक्रम लागु गरिनेछ ।

५.६ मष्टा गाउँपालिकामा सर्भर विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइने छ ।

५.७ निजि क्षेत्रको समेत सहभागितामा Group SMS, गुनासो व्यवस्थापन प्रणाली, व्यवसाय व्यवस्थापन सम्बन्धि सफ्टवयरहरुको निर्माण गरि कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) मष्टा गाउँपालिका बनाईनेछ ।

५.८ जनप्रतिनिध तथा कर्मचारिको प्रविधि सम्बन्धि क्षमता बिकासको लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.९ Biometric Attendance system ले Manual Attendance system लाई पुर्ण रुपमा विस्थापित गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ ।

५.१० कार्यालयका गतिविधीहरुलाई निरन्तर सुचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, टुइटर, युट्युब तथा सबै वडा कार्यालयहरुको आधिकारीक ईमेल अकाउन्ट खोलि प्रयोगमा ल्याईनेछ ।

५.११ पेपरलेस अफिसको अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पुर्ण क्रियाकलापहरुको सफ्टकपी सुचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाईनेछ ।

५.१२ नेपाल टेलिकमको गाउँपालिका भित्रमा रहेका टावरबाट 4G सेवा विस्तार गर्न आवश्यक पहल गरिने छ ।

५.१३ गाउँपालिका भित्र रहेका सुचना प्रविधि केन्द्र (TECHNO HUB) र सामुदायिक सूचना प्रविधि केन्द्रलाई थप प्रभावकारी रुपमा अगाडी बढाइने छ ।

५.१४ गाउँपालिकाको डिजिटल प्रोफाइल बनाउने काम अगाडी बढाइने छ ।

५.१५ सबै सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको निति बमोजिम यस गाउँपालिकाले यस आर्थिक बर्षमा नै बैङ्कखाता मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईनेछ ।

५.१६ वडा कार्यालयहरुबाट सेवा प्रदान गर्दै आएका ( जन्म, मृत्य, विवाहदर्ता, बसाईसारइ र सम्बन्ध बिच्छेद) जस्ता घटना दर्ताहरुलाई अनलाइन प्रणाली मार्फत सेवा प्रदान गरिनेछ ।

५.१७ योजना निर्माणको मुख्य आधार तथ्याङ्क भएकोले गाउँपालिका अन्तर्गका हरेक पक्ष र क्षेत्रको तथ्याङ्क संकलन, अद्यावधिक विश्लेषण तथा प्रकाशन गरी सरोकारवालाहरुलाई सुसुचित गरिनेछ ।

५.१८ जनप्रतिनिधि तथा कर्मचारीहरुको मनोल उच्च राख्न तथा कामप्रति उत्प्रेरित र जिम्मेवारी बनाउन कार्यसम्पादनका आधारमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

५.१९ गाउँपालीकामा सञ्चालन हुने आयोजना कार्यक्रम तथा अन्य क्रियाकलापहरुको स्थलगत अनुगमन तथा मुल्याङकन गरी प्राप्त प्रतिवेदनका आधारमा कार्यको स्वच्छता तथा पारदर्शिता कायम गरीनेछ ।

५.२० क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था सँग सम्न्वय गरी साझेदारीका आधारमा सञ्चालन तथा कार्यान्वयन गर्न सरकारी, निजी साझेदारी (PPP) मोडल अपनाइनेछ ।

५.२१ प्रत्येक वडाको मेलमिलाप समिति र गाउँपालिकामा रहेको न्यायीक समितीको व्यवस्थापकिय पक्षमा सुधार गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.२२ सार्वजनिक सेवा प्रवाहमा गुणस्तरण कायम गर्न कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.२३ गाउँपालिका भित्रका शिक्षित युवाहरुलाई लोकसेवा प्रति आकर्षित गराउन लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

५.२४ गाउँपालिका हेरचाह सुरक्षा गर्न ईलाका प्रहरीको उचित व्यवस्थापन गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

अब म यस गाउँपालिकाको आ.व. २०७७।०७८ मुख्य योजना कार्यक्रम र बजेट विनियोजनको अनुमति चाहान्छु ।

यस गाउँपालिकाले आ.व. २०७७।०७८ का लागि नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न कुल जम्मा रु. ४० करोड १५ लाख ३७ हजार ६ सय ५६ खर्च व्योहोर्ने श्रोत रहेको छ । कुल विनियोजित बजेटमध्ये चालु तर्फ रु. १३ करोड ७८ लाख ४० हजार ६ सय ६३ अर्थात ६४.२९ प्रतिशत र पुंजीगत तर्फ रु १० करोड ७४ लाख ९६ हजार ५ सय ५३ अर्थात ५७.४३ प्रतिशत हुन आउँछ ।

**<u>आ.व. २०७८।७९ को बजेट विनियोजन</u>**

| क्र. सं. | क्षेत्र | आ.व.०७६/०७७ यथार्थ | आ.व.०७७/७८ | | प्रतिशत | आ.व.०७८/०७९ को अनुमानित | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | संसोधित अनुमान | जेठ मसान्त सम्मको खर्च | | | |
| १ | चालु | १८,४२,३३,९२६.२४ | २१,४३,७९,८५५.९९ | १३,७८,४०,६६३.०५ | ६४.२९ | ३१,२१,४५००० | ७८.८६ |
| २ | पुंजीगत | १३,५१,०४,६२८.०४ | १८,७१,५७८०० | १०,७४,९६,५५३.०३ | ५७.४३ | ८,३६,८४००० | २१.१४ |
| | | **३१९३३८५५४.२८** | **४०,१५,३७,६५५.९९** | **२४,५३,३७,२१६.०८** | **६१.०९** | **३९,५८,२९०००** | १०० |

सभा अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७८।७९ को लागि विनियोजन गरेको रकमको खर्च व्योहोर्ने श्रोत प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

संघीय सरकार शर्शत अनुदान चालु रु. १५ करोड ४७ लाख, संघीय सरकार शर्शत अनुदान पुँजिगत रु. २ करोड १ लाख, संघीय सरकार वित्तीय समानीकरण अनुदान रु. १० करोड १० लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान रु. ७१ लाख ११ हजार, संघीय सरकार राजश्व बाँडफाँड रु. ६ करोड ३६ लाख ३४ हजार, प्रदेश सरकार राजश्व बाँडफाँड रु. ७ लाख, संघीय सरकार विशेष अनुदान रु १ करोड ३९ लाख, प्रदेश सरकार विशेष अनुदान रु. ५० लाख, संघीय सम्पुरक अनुदान रु. २ करोड १७ लाख, प्रदेश सरकार समपुरक अनुदान रु. ७९ लाख ८४ हजार गरी **कुल जम्मा ३९ करोड ५८ लाख २९ हजार व्योहोर्ने श्रोत रहेको छ ।**

अन्त्यमा, आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दल, बुद्धिजीवी, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखाका प्रमुखज्यूहरु, वडा सचिव ज्यूहरु, लगायत यस गाउँपालिकामा कार्यरत कर्मचारी ज्यूहरु, गाउँपालिका भित्रका सम्पूर्ण गैरसरकारी संघ संस्थाका प्रमुखज्यूहरु, नागरिक समाज, पत्रकार, सुरक्षाकर्मी लगायत यस गाउँपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद, नमस्कार**